## ज्योति विकास बैंक लिमिटेडको
## बाह्रौं वार्षिक साधारणसभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस ज्योति विकास बैंक लिमिटेडका सञ्चालक समितिका अध्यक्ष श्री हरिचन्द्र खड्काज्यूको अध्यक्षतामा मिति २०७६ साल पौष २९ गते मंगलबार (तदनुसार १४, जनवरी, २०२०) मा सेलिब्रेसन्स ब्यांक्वैट, कमलपोखरी, नक्सालमार्गमा विहान ११.०० बजेबाट बसेको बैंकको बाह्रौं वार्षिक साधारणसभामा उपस्थिति, छलफलका बिषयसूची, सूचना प्रकाशन, गणपुरक संख्या, सभाको बैधानिकता र अध्यक्षता, सभा संचालन तथा प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ :

१. उपस्थितिः

**(क) सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) श्री हरिचन्द्र खड्का | - | संचालक अध्यक्ष |
| २) श्री सन्तोष अधिकारी | - | संचालक सदस्य |
| ३) श्री छत्रमान श्रेष्ठ | - | संचालक सदस्य |
| ४) श्री नारायण प्रसाद पौड्याल | - | संचालक सदस्य |
| ५) श्री ध्रुब कोईराला | - | संचालक सदस्य |
| ६) श्री मन महर्जन | - | संचालक सदस्य |
| ५) श्री जगदीश्वर प्रसाद अधिकारी | - | संचालक सदस्य (स्वतन्त्र) |

**(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | |
|---|---|
| १) श्री मनोज कुमार ज्ञवाली | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री सुशिल कुमार शर्मा | नायव महाप्रवन्धक |
| ३) श्री पारस राज कंडेल | नायव महाप्रबन्धक/कम्पनी सचिव |
| ४) श्री रामहरी आचार्य | सहायक महाप्रवन्धक |

**(ग) शेयरधनीहरुको उपस्थितीः**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | | |
| (क) शेयरधनी स्वयंबाट | ६८४ | जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) बाट | ११०४ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | १,६५,१४,८३३ | कित्ता |
| ३) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ५३.२७ | प्रतिशत |

(घ) यस सभाको लागि भौतिक शेयरको रुपमा रहेको तथा डिम्याटमा रहेको समेत गरी ९७,०९८ जना शेयरधनीहरु सभामा सहभागी हुन योग्य थिए ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

**२. छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि.को २०७६ आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७६/०७७ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) सर्वसाधारण शेयरधनी (समूह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरि नियुक्त हुनु भएका सञ्चालकको समायवधी यस बार्षिक साधारणसभामा समाप्त हुने हुँदा उक्त रिक्त हुने १ जना सञ्चालकको निर्वाचन गर्ने । यस विकास बैंकको हाल कायम सञ्चालक समितिको संरचना र कम्पनी ऐन २०६३ को दफा ८६ (२) मा एक महिला सञ्चालक अनिवार्य रहनुपर्ने बाध्यात्मक व्यवस्था भए बमोजिम उक्त निर्वाचनमा महिला शेयरधनीले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

**(ख) बिशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १२.७५ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

(२) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(३) सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा बृद्धि गर्ने सम्बन्धमा नियमावलीको नियम ३२ को उपनियम (१) को (ख), (ग) र (घ) मा संशोधन गर्ने ।

(४) प्रबन्धपत्रको दफा ५ अन्तर्गत विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुको (ञ) र (ज्ञ.१) मा परिमार्जन गर्ने तथा (ज्ञ.३) मा सामुहिक लगानी कोष (Mutual Fund) स्थापना गरि कोष प्रबर्द्धकको रुपमा कार्य गर्ने गरि प्रबन्धपत्र संशोधन गर्ने ।

(५) विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

**ग) विविध ।**

**३. सूचना प्रकाशनः**

सञ्चालक समितिको २०७६ साल पौष ०७ गते सोमबार (Monday, 23rd December, 2019) मा बसेको ३४४ औं बैठकको निर्णयानुसार कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम यस ज्योति विकास बैंकको बाह्रौं वार्षिक साधारण सभा मिति २०७६ साल पौष २९ गते मंगलबार (तदनुसार १४, जनवरी, २०२०) मा



JYOTI BIKASH BANK LTD.

सेलिब्रेसन्स ब्यांक्वैट, कमलपोखरी, नक्सालमार्ग (नक्साल भगवती मन्दिर नजिक) विहान ११.०० बजेबाट संचालन गर्ने सूचना मिति २०७६ पौष ८ गते र मिति २०७६ पौष १६ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो र बैंकको WebSite मा पनि साधारणसभा सम्बन्धी विवरणहरु राखिएको थियो । साथै बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाई बैंकको Website मा समेत राखिएको थियो ।

४. **गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ९७,०९८ | ६८४ | १,१०४ | १,९८० | २.०४ |
| शेयर संख्या | ३,१०,००,३८५.२६ | ५९,७४,७०३ | १,०५,४०,१३० | १,६५,१४,८३३ | ५३.२७ |

५. **सभाको बैधानिकता तथा अध्यक्षताः**

कम्पनी सचिव पारस राज कंडेलले उपस्थित शेयरधनी महानुभावहरुलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई जानकारी गराउनु भयो र वैधानिक प्रकृया पुरा भएकोले सभाको अध्यक्षता ग्रहण गर्न संचालक समितिका अध्यक्ष श्री हरिचन्द्र खड्काज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारीहरु तथा नियमन निकायका प्रतिनिधिहरुलाई आसन ग्रहण गराउनु भयो ।

६. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः**

कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । सभाध्यक्षज्यूले सर्वप्रथम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई ज्योति विकास बैंक लि.को बाह्रौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै संचालक समितिको तर्फबाट साधारणसभा समक्ष प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन छलफलका लागि प्रस्तुत गरी सो उपरको छलफलमा भाग लिन तथा यस बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु** : छलफलका कममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञाशा र सुझावहरु ब्यक्त गर्नु भयो ।

**श्री डमरु बल्लभ घिमिरे**

- पछिल्लो ४ बर्ष देखि ज्योति चम्केको छ । बैंक व्यवस्थापन आक्रामक रुपमा अघि बढेको देखिएको छ ।
- बैंकले दिएको १२.७५ प्रतिशतको प्रतिफल राम्रो प्रतिफल भएकाले सञ्चालक समिति तथा व्यवस्थापनलाई बधाई एवं धन्यावाद दिन चाहन्छु ।



JYOTI BIKASH BANK LTD.

- अध्यक्षको प्रतिवेदन वाचन लामो भयो आगामी दिनमा संक्षिप्त गर्ने तर्फ ध्यान दिनुहोला ।
- बैंकमा युवा व्यवस्थापन भएकाले बैंकले प्रगति गरेको छ र भविष्यमा पनि प्रगति गर्ने छ ।
- हाल नियुक्तिका लागि प्रस्ताव गरिएको लेखापरिक्षक अनुभवी तथा असल भएकाले प्रस्ताव राम्रो छ ।
- साधारण सभा ढिला भयो । आगामी वर्ष दशैं अगाडी गर्नुहोला ।
- बैंकको वार्षिक प्रतिवेदन राम्रो भएकाले शुभकामना तथा बैंकको प्रगतिको कामना गर्दछु ।

**श्री शिव प्रसाद पौडेल**

- परिवर्तन तर्फ उन्नमुख ज्योति विकास बैंकको "**परिवर्तनको ज्योति**" नारा लाई शुभकामना तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
- १२.७५ प्रतिशतको बोनस शेयर दिनु भएकोमा धन्यवाद छ ।
- अर्को वर्ष दशै अघि नै साधारण सभा गर्नुहोला र लाभांश दिंदा नगद र शेयर दुवै दिनुहोला । सो तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।
- बैंकको शाखाले लगानी गर्दा आफ्नो क्षेत्र भन्दा टाढा टाढा लगानी गरेको देखिन्छ । सोबाट कर्जा असुरक्षित हुने र शाखाले आफ्नो क्षेत्र भित्रमा मात्र लगानी गर्दा जोखिम कम हुने भएकाले सो अनुसार गर्न व्यवस्था मिलाउनु होला; ध्यानाकर्षण गर्न चाहन्छु ।
- बैंकको कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गर्नुहोला ।
- बैकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नगद वितरण गर्नु भन्दा आफ्नै पहलमा राजमार्ग जस्ता सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय जस्ता सामाजिक कार्य गर्दा राम्रो हुन्छ ।
- बैंकको साधारण सभा सफल होस; शुभकामना व्यक्त गर्दछु ।

**श्री गोमा श्रेष्ठ बानिया**

- १२.७५ प्रतिशतको बोनस शेयर दिनु भएकोमा धन्यावाद छ ।
- मर्जर/प्राप्ती मार्फत राम्रो बैंकलाई प्राप्ती गरी सवल बैंक बन्नुहोस; शुभकामना छ ।
- लगानीकर्ताको हितलाई ध्यानमा राखी कर्जा प्रवाह गर्दा राम्रो हुने थियो । महिला, अपाङ्ग जस्ता पछाडी परेका समुहलाई सहुलियत रुपमा कर्जा उपलब्ध गराउँदा सवै पक्षले सहज रुपमा कर्जा उपभोग गर्न पाउने थिए । सो तर्फ विचार गर्नुहोला ।
- आगामी वर्ष असोज मसान्त भित्र साधारण सभा गर्नुहोला ।
- बैंकको साधारणसभा सफल होस; शुभकामना व्यक्त गर्दछु ।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

**श्री हरि प्रसाद**

- बैंकको वार्षिक प्रतिवेदन सन्तुलित र उत्साहजनक भएकोले संचालक समिति र व्यवस्थापनलाई बधाई र धन्यवाद ज्ञापन गर्दछु।
- ज्योति विकास बैंक एक शसक्त राष्ट्रिय स्तरको विकास बैंक भएको छ। यसमा तत्कालिन झिमरुक विकास बैंक, राप्तीभेरी विकास बैंक र हाम्रो विकास बैंकको महत्वपूर्ण भुमिका रहेको छ।
- बैंकलाई एउटा फरक बुझाईको सोच निमार्ण गरी मुल उद्देश्य (PURPOSE), दुरदृष्टि (VISION) र ध्येय (MISSION) निर्धारण गरेर नागरिकहरुको हितलाई केन्द्रमा राखेर वित्तीय गतिविधी संचालन गरी विकसित हुने तर्फ उन्मुख भएकोमा हामिलाई गर्व अनुभुति भएको छ।
- बैंक शसक्त, सवल र विकसित होस, शुभकामना छ।
- मुल उद्देश्य (PURPOSE), दुरदृष्टि (VISION) र ध्येय (MISSION) प्राप्त गर्न सञ्चालक समिति र व्यवस्थापन एउटै लयमा लयबद्ध हुनुपर्दछ र सवैले आ-आफ्नो ठाउँबाट निष्पक्ष रुपमा कार्य गरेमा मात्र सफलता प्राप्त गर्न सकिने र प्रतिफल पनि स्वभाविक रुपमा आउने हुँदा सो तर्फ ध्यान दिनुहोला; शुभकामना छ।
- समाजलाई निस्वार्थ रुपले सहयोग गर्ने व्यक्तिलाई बैंकले नमन गर्न शुरु गरेकोमा खुशि लागेको छ।
- यस बर्ष झै आउने वर्ष बैंक अझै उचाईमा पुगेको देख्न पाउँ; शुभकामना छ।

**श्री मदन बहादुर के.सी.**

- साविकको झिमरुक विकास बैंक ज्योति विकास बैंकसँग मर्ज गर्दा एक किसिमको डर थियो कि हाम्रो लगानी डुव्ने त होइन।
- हामीले ज्योति विकास बैंकको ठुलो समस्यको रुपमा रहेको एउटा ठुलो कर्जाको ठुलो हिस्सा वाणिज्य बैंकमा सारी बैंकलाई स्वस्थ बनायौ। त्यसपछि बोनस, हकप्रद तथा राप्ती भेरी विकास बैंकलाई प्राप्ती गरी राष्ट्र बैंकले तोकेको पूँजी समेत कायम गर्न सफल भयौं।
- आज हामी एउटा स्वस्थ र सशक्त बैंकको रुपमा स्थापीत भएका छौं।
- ५ वर्ष भित्र बैंकको निक्षेप, कर्जा तथा शाखा समेतमा ५ गुणाले बृद्धि भएको छ।
- आजको समयमा बैंक हाईटेक भएर मात्र पुग्दैन हाइटच समेत हुनसक्नु पर्छ।
- साधारण सभाको सफलताको शुभकामना छ।

**श्री राघव श्रेष्ठ**

- बैंकले राम्रो प्रगति गरेको छ। बोनस शेयर दिएको पनि राम्रो हो।
- बैंकले घरभाडामा धेरै खर्च गरेको देखियो। आफ्नै भवन भयो भने राम्रो हुने थियो।
- बैंकको Corporate र Banking Office अलग अलग भवनमा भएकाले सुरक्षा गार्ड लगायतका खर्च समेत बढेको र कर्मचारी समेतलाई काम गर्न असहज हुने भएकाले दुवै कार्यालय एउटै भवनमा भए सवैलाई सहज हुने थियो।

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

- संस्थागत समाजिक उत्तरदायित्व अर्न्तगत पशुपति विकास कोषको शवदाह गृहमा केही योगदान गर्न सकियो भने आर्थिक अवस्था कमजोर भएका व्यक्ति समेतले सहज रुपमा बैंकको सहयोगले शवदाह गृहको प्रयोग गरी दाहसँस्कार गर्न सक्ने हुँदा सो कार्यले बैंकको गुडविल समेत राम्रो हुने थियो । त्यस तर्फ विचार गर्नुहोला ।
- सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्दै निर्विरोध निर्वाचित हुनुभएको महिला संचालकज्यूलाई बधाई दिन चाहन्छु ।
- साधारण सभाको सफलताको शुभकामना छ ।

<u>शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरु उपस सभाध्यक्ष र सभाध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफः</u>

**प्रमुख कार्यकारी अधिकृत**

- सर्वप्रथम हाम्रो कार्यलाई राम्रो सञ्हाना गरी हाम्रो मनोबल उच्च बनाईदिनु भएकोमा आभारी छौं । साथै थप जिम्मेवारी दिनुभएको महशुस गरेका छौं । यो विश्वासलाई कायम राख्नेछौ भनि प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।
- गतवर्ष पहिलो त्रैमासमा नै साधारणसभा गरेकै हो । यसपालि पनि पहिलो त्रैमासमा नै साधारण सभा गर्ने लक्ष्य भएता पनी केहि टेक्नीकल कारण जस्तै, विकास बैंकको वित्तीय विवरण NFRS पद्धतीमा परिवर्तन भएको कारण राष्ट्र बैंकमा पठाउन र राष्ट्र बैंकले Review गर्दा समय लागेको हो भने सोही समयमा राष्ट्र बैंकको स्थलगत निरीक्षण समेत आएको र सो निरीक्षणले गर्दा पनि अलि ढिलो हुन गएको हो । आगामी दिनमा यहाँहरुको सुझाव अनुसार पहिलो त्रैमास भित्रमा नै साधारणसभा गर्न प्रयास गरिनेछ ।
- बैंकको एउटा शाखाले अर्को ठाउँमा कर्जा लगानी गर्दा जोखिम हुन्छ भन्ने तर्फ हामी सचेत छौं । सकेसम्म जुन स्थानमा व्यवसाय र धितो छ, त्यहीको शाखाबाट कर्जा प्रवाह गरेको छौं ।
- संस्थागत समाजिक उतरदायित्व अन्तर्गत राजमार्गको छेउमा सार्वजनिक शौचालय निमार्ण गर्ने यहाँहरुको सुझावलाई सकारात्मक रुपमा लिएका छौं र सो तर्फ छलफल गर्नेछौं ।
- महिलालाई कर्जा लगानि गर्नेतर्फ हामी सचेत छौ र उत्तप्रेरित पनि गर्छौं ।
- बैंकको मुल उद्देश्य (PURPOSE), दुरदृष्टि (VISION) र ध्येय (MISSION) प्राप्त गर्न सञ्चालक समिति र व्यवस्थापन एउटै लयमा लयबद्ध हुनुपर्दछ भन्ने सुझाव साह्रै मनन योग्य छ । सो तर्फ हामी सचेत छौं र व्यवहारमा लागू गर्न प्रतिवद्ध छौं ।
- बैंक हाइटेक मात्र होइन हाईटचमा जान सक्नुपर्छ भन्ने सुझाव अनुसार हाईटचमा जान बैंक प्रतिवद्ध रहेको छ ।
- बैंकको लागि उपयुक्त जग्गा तथा भवन खरी दगर्ने प्रक्रियामा गएता पनि त्यस्तो जग्गा तथा भवन नपाईएकोले उपयुक्तताको आधारमा हाल सम्म भवन खरिद गर्न नसकिएको हो ।
- यहाँहरुको शुभेच्छा आत्मसाथ गर्दै दुरगामी सल्लाह सुझाव प्रति आभार व्यक्त गर्दछु ।



JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

**अध्यक्ष श्री हरिचन्द्र खड्का**

- विकास बैंकको वित्तीय विवरण NFRS पद्धतीमा परिवर्तन भएको कारण समयमानै साधारणसभा गर्न नसकिएको हो । आगामी वर्ष पहिलो त्रैमास भित्रै साधारण सभा गर्ने प्रयास गर्ने छौं ।
- हामीले गत वर्ष ३५ वटा शाखा कार्यालय संचालनमा ल्याएका छौं । ति शाखाहरु समेतबाट व्यवसाय बृद्धि गर्नको लागि थप पूँजी भएमा सहज हुने भएकाले यस वर्ष बोनस शेयर दिने निर्णय गरिएको हो ।
- बैंकको मुल उद्देश्य (PURPOSE), दुरदृष्टि (VISION) र ध्येय (MISSION) बनाएका छौं र त्यसमा सञ्चालक समिति र व्यवस्थापन एउटै लयमा लयबद्ध भै काम गर्छ भनि प्रतिवद्धता व्यक्त गर्दछु ।
- बैंकको लागि चाहिने उपयुक्त स्थानमा उपयुक्त घरजग्गा नभेटेको कारण त्यस सम्बन्धी निर्णय लिन सकेका छैनौं; सो तर्फ आगामी दिनहरुमा प्रयास गर्ने छौं ।
- गत वर्षको मुनाफाबाट प्रदान गरिएको १२.७५ प्रतिशत बोनस शेयर वास्तवमा Competitive प्रतिफल होइन । आगामी दिनमा शेयरधनी महानुभावहरुलाई Competitive लाभांश दिने प्रति प्रतिवद्धता जनाउन चाहन्छौं ।
- हामीले ज्योति विकास बैंक, झिमरुक विकास बैंक, राप्तीभेरी विकास बैंक र हाम्रो विकास बैंक मिलाएर अहिलेको सबल ज्योति विकास बैंक बनाउन सफल भएका छौं ।

८. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः

**क) समान्य प्रस्तावः**

(१) आर्थिक वर्ष २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय** **सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष प्रस्तुत गर्नु भएको प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि.को २०७६ आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

**निर्णय** **लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु माथि छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।**

(३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७६/०७७ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णय** **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखा परीक्षण गर्न लेखापरीक्षक टि.आर.उपाध्याय एण्ड कम्पनीलाई नियुक्त गर्ने र निजको पारिश्रमीक रु.५,५०,०००।- (अक्षरेपी पाँच लाख पचास हजार मात्र) (मु.अ.क.बाहेक) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।**

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

(४) सर्वसाधारण शेयरधनी (समूह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरि नियुक्त हुनु भएका सञ्चालकको समायवधी यस बार्षिक साधारणसभामा समाप्त हुने हुँदा उक्त रिक्त हुने १ जना सञ्चालकको निर्वाचन गर्ने । यस विकास बैंकको हाल कायम सञ्चालक समितिको संरचना र कम्पनी ऐन २०६३ को दफा ८६ (२) मा एक महिला सञ्चालक अनिवार्य रहनुपर्ने बाध्यात्मक व्यवस्था भए बमोजिम उक्त निर्वाचनमा महिला शेयरधनीले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

**निर्णय सर्वसाधारण शेयरधनी समुह "ख" को तर्फबाट सञ्चालकमा प्रतिनिधित्व गर्ने गरी १ जना सञ्चालकको निर्वाचनको कार्यक्रम रहेकोमा उक्त निर्वाचन सम्बन्धी प्रस्तावमा जम्मा एक जना शेयरधनी, श्री मन महर्जनको मात्र उम्मेदवारी परेकोले नीज श्री मन महर्जन निर्विरोध निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री लिलामणि पौडेलले सभा समक्ष जानकारी गराउनु भएकोमा सभाले सोको अनुमोदन गऱ्यो ।**

**ख) बिशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १२.७५ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १२.७५ प्रतिशतले हुने रु.३९,५२,५४,९१२।०३ (अक्षरेपी उन्नचालिस करोड बाउन्न लाख चौवन्न हजार नौ सय बाह्र पैसा तिन मात्र) बोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म संलग्न तपसिल बमोजिमको तीन महले बमोजिम जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतीले पारित भयो ।**

**तपसिल**

| दफा | प्रबन्धपत्रमा भएको साबिक व्यवस्था | संशोधित वा थप व्यवस्था | संशोधन वा थपको कारण |
|---|---|---|---|
| ६(ख) | विकास बैंकको जारी पुंजी रु. ३,१०,००,३८,५२५।७३ (अक्षरेपी तीन अर्ब दश करोड अड्तिस हजार पाँच सय पच्चीस रुपैया पैसा त्रिहत्तर मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका ३,१०,००,३८५।२५७३ (तीन करोड दश लाख तीन सय पचासी दशमलव दुई पाँच सात तीन) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको जारी पुंजी रु. ३,४९,५२,९३,४३७।७६ (अक्षरेपी तीन अर्ब उनान्चास करोड बाउन्न लाख त्रियानब्बे हजार चार सय सैत्तीस रुपैया पैसा छैहत्तर मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका ३,४९,५२,९३४।३७७६ (तीन करोड उनान्चास लाख बाउन्न हजार नौं सय चौतीस दशमलव तीन सात सात छ ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आ.व. २०७५/७६ को शेयर बोनश पश्चात बृद्धि हुने जारी पुँजी अनुसार पुँजी संरचना कायम गर्न । |
| ६(ग) | विकास बैंकको चुक्ता पुँजी रु. ३,१०,००,३८,५२५।७३ (अक्षरेपी तीन अर्ब दश करोड अड्तिस हजार पाँच सय पच्चीस रुपैया पैसा त्रिहत्तर मात्र) हुनेछ । | विकास बैंकको चुक्ता पुँजी रु. ३,४९,५२,९३,४३७।७६ (अक्षरेपी तीन अर्ब उनान्चास करोड बाउन्न लाख त्रियानब्बे हजार चार सय सैत्तीस रुपैया पैसा छैहत्तर मात्र) हुनेछ । | आ.व.२०७५/७६ को शेयर बोनश पश्चात बृद्धि हुने चुक्ता पुँजी अनुसार पुँजी संरचना कायम गर्न । |

JYOTI BIKASH BANK LTD. KAMALADI KATHMANDU

(२) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समभ्दारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समभ्दारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई गतवर्षको साधारण सभाबाट दिइएको अख्तियारीलाई निरन्तरता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।**

(३) सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा बृद्धि गर्ने सम्बन्धमा नियमावलीको नियम ३२ को उपनियम (१) को (ख), (ग) र (घ) मा संशोधन गर्ने ।

**निर्णय सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा बृद्धि गर्ने सम्बन्धमा नियमावलीको नियम ३२ को उपनियम (१) को (ख), (ग) र (घ) मा संलग्न तपसिल बमोजिमको तीन महले बमोजिम बृद्धि गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**तपसिल**

| **नियम** | **नियमावलीमा भएको साबिक व्यवस्था** | **संशोधित वा थप व्यवस्था** | **संशोधन वा थपको कारण** |
|---|---|---|---|
| ३२ (१) (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. ७,५००।- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.७,०००।- हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने प्रति बैठक भत्ता रु. १३,०००।- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रु.११,०००।- हुनेछ । | समय सापेक्ष सञ्चालक समितिको भत्ता परिमार्जन गर्नुपर्ने देखिएकोले । |
| ३२ (१) (ग) (अ) | स्वदेशमा दैनिक भत्ता रु.५,०००।- | स्वदेशमा दैनिक भत्ता रु.१०,०००।- | |

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

| | | | |
|---|---|---|---|
| ३२ (१) (घ) (अ) | टेलिफोन, मोबाइल, ईन्टरनेट वापत अध्यक्ष र संचालकहरुलाई प्रति महिना रु. २,००० (अक्षरेपी दुई हजार) वा बिल बमोजिमको रकममा जुन घटि हुन्छ सो रकम प्रदान गरिने छ । पत्रपत्रिका सुविधा वापत अध्यक्ष र संचालकहरुलाई प्रति महिना रु. १,३५०।- (अक्षरेपी एक हजार तीन सय पचास) प्रदान गरिनेछ । | टेलिफोन, मोबाइल, ईन्टरनेट वापत अध्यक्ष र संचालकहरुलाई प्रति महिना रु.४,००० (अक्षरेपी चार हजार) वा बिल बमोजिमको रकममा जुन घटि हुन्छ सो रकम प्रदान गरिने छ । पत्रपत्रिका सुविधा वापत अध्यक्ष र संचालकहरुलाई प्रति महिना रु. ३,०००।- (अक्षरेपी तीन हजार) प्रदान गरिनेछ । ईन्धन वापत अध्यक्ष र संचालकहरुलाई प्रति महिना रु. ३,०००।- (अक्षरेपी तीन हजार) प्रदान गरिनेछ । | |

(४) प्रबन्धपत्रको दफा ५ अन्तर्गत विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुको (ञ) र (ज्ञ.१) मा परिमार्जन गर्ने तथा (ज्ञ.३) मा सामुहिक लगानी कोष (Mutual Fund) स्थापना गरि कोष प्रबर्द्धकको रुपमा कार्य गर्ने गरि प्रबन्धपत्र संशोधन गर्ने ।

**निर्णय प्रबन्धपत्रको दफा ५ अन्तर्गत विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुको (ञ) र (ज्ञ.१) मा परिमार्जन गर्ने तथा (ज्ञ.३) मा सामुहिक लगानी कोष (Mutual Fund) स्थापना गरि कोष प्रबर्द्धकको रुपमा कार्य गर्ने गरि प्रबन्धपत्रमा संलग्न तपसिल बमोजिमको तीन महले बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**तपसिल**

| **दफा** | **प्रबन्धपत्रमा भएको साबिक व्यवस्था** | **संशोधित वा थप व्यवस्था** | **संशोधन वा थपको कारण** |
|---|---|---|---|
| ५ (ञ) | नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको आधिनमा रही मर्चेन्ट बैंकिङ्ग गर्ने | नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही सहायक कम्पनी (Subsidiary Company) मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई लगानी सम्बन्धी प्रचलित कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्था बमोजिम मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्ने । | नेपाल राष्ट्र बैंकको निर्देशिकाको अधिनमा रही मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कार्य गर्न मनासिव देखिएकोले । |

| | | | |
|---|---|---|---|
| ५ (ज्ञ.१) | विकास बैंकले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ता ( Bank Assurance) को रुपमा काम गर्ने । | विकास बैंकले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा काम गर्ने । | नेपाल राष्ट्र बैंकको निर्देशनको अनुपालना गर्न संसोधन गर्नु पर्ने भएकाले |
| ५ (ज्ञ.३) | हाल नभएको | सामुहिक लगानी कोष ( Mutual Fund) स्थापना गरि कोष प्रबर्द्धकको रुपमा कार्य गर्ने | नेपाल राष्ट्र बैंकको निर्देशिकाको अधिनमा रही सामुहिक लगानी कोष सम्बन्धी कार्य गर्न मनासिव देखिएकोले । |

(५) विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

निर्णय **विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र र नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक संशोधन सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) विविध ।**

यी देखि बाहेक विविध विषयमा कुनै छलफल भएन ।

**९ धन्यवाद ज्ञापन तथा सभा बिसर्जन:-**

छलफलका विषय तथा प्रस्तावहरु पारित तथा अनुमोदन भएको घोषणा गर्दै अध्यक्षज्युले सभामा उपस्थित शेयरधनी महानुभावहरु, सम्वन्धित निकायका प्रतिनिधिहरु, पत्रकारहरु, बैंकका कर्मचारी, पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदैं बाह्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नु भयो ।

मितिः २०७६/०९/२९

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

पारस राज कंडेल
कम्पनी सचिव/नायव महाप्रवन्धक

हरिचन्द्र खड्का
अध्यक्ष- संचालक समिति